# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः १४, माघ २१ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन (प्रथम संशोधन), २०७८

सभाबाट स्वीकृत मिति: २०७८।१०।२१

व्यास नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. *ऐनको परिच्छेद २, दफा ४ उपदफा (४) मा थपः तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले सेवा अवधि नजोडिने गरी असाधारण वेतलबी अध्ययन बिदा स्वीकृत गरी अध्ययन गर्न गई पि.एच.डि. वा सो सरह उर्त्तीण गरी कार्यालयको काममा फर्किएको हकमा हाल कार्यरत तहमा शुरु नियुक्ति वा बढुवा नियुक्ति भएको मितिले ५ वर्ष अवधि पुगेको भए तह बृद्धि वा स्तर वृद्धि गर्न सकिने छ ।

आज्ञाले<br>
डिल्लीराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत